# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ५ संख्या १ वैशाख १४ गते, २०७८ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको नियमावली सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७८ सालको नियमावली नं. १

## आन्तरिक आय ठेक्का बन्दोवस्त नियमावली, २०७८

**प्रस्तावना :** मादी गाउँपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७७ ले आय ठेक्का सम्वन्धी व्यवस्था गरेकोले आय ठेक्का सम्बन्धी प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न बाञ्छनीय भएकोले, गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐनले दिएको अधिकार बमोजिम गाउँ कार्यपालिकाले यो नियमावली बनाएको छ ।

### परिच्छेद - १ : प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भ :** (१) यो नियमावलीको नाम “आन्तरिक आय ठेक्का बन्दोवस्त नियमावली, २०७८” रहेको छ ।

मादी गाउँपालिका, कास्की

(२) यो नियमावली कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) **"ऐन"** भन्नाले मादी गाउँपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७७ सम्झनुपर्छ ।

(ख) **"नियमावली"** भन्नाले आय ठेक्का बन्दोवस्त नियमावली, २०७८ सम्झनु पर्दछ ।

(ग) **"विक्री"** भन्नाले गाउँपालिकाको अधिकार क्षेत्र भित्र रहेका सार्वजनिक स्थलवाट उत्पादन भई विक्री हुने ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दहत्तर वहत्तरको विक्री तथा कार्यालयवाट हुने लिलामीलाई समेत सम्झनु पर्दछ ।

(घ) **"सम्पत्ति परिचालन"** भन्नाले गाउँपालिकाको स्वामित्वमा रहेका वा भोगचलनमा रहेका जग्गा, पोखरी, ताल, गुफा, पर्यटकीय स्थल, भवनहरुलाई आय आर्जनमा उपयोगमा ल्याउने विषयलाई सम्झनु पर्दछ ।

(ङ) **"आन्तरिक आय"** भन्नाले नेपाल सरकार वा प्रदेशबाट प्राप्त हुने अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम र अन्य निकायवाट प्राप्त हुने ऋण तथा अनुदान बाहेकका गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संकलन गर्न पाउने आयका स्रोतहरु सम्झनु पर्छ ।

(च) **"गाउँपालिका"** भन्नाले मादी गाउँपालिकालाई सम्झनुपर्छ ।

(छ) **"आर्थिक ऐन"** भन्नाले मादी गाउँपालिकाको आर्थिक ऐनलाई सम्झनुपर्छ ।

(ज) **"बोलपत्र"** भन्नाले गाउँपालिकाले प्रकाशन गरेको सूचना अनुसार तोकेको ढाँचामा मूल्य खुल्ने कागजात, प्रस्ताव वा दररेट सम्झनुपर्छ ।

मादी गाउँपालिका, कास्की

